# बेलौरी राजपत्र

बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या २ मिति २०८३ साउन ०४


# भाग २

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

## विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८३

**प्रस्तावनाः** विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ कार्यान्वयनका क्रममा प्राप्त अनुभव, विद्यालयहरूको



वर्तमान आवश्यकता, शिक्षक दरबन्दी व्यवस्थापनलाई थप व्यवस्थित, प्रभावकारी तथा व्यावहारिक बनाउने उद्देश्यले उक्त कार्यविधिका केही व्यवस्थाहरूमा संशोधन गर्न आवश्यक भएकोले बेलौरी नगर कार्यपालिकाले यो **विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८३** जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८३**" रहेको छ।

(२) यो संशोधन राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. <u>विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ६ मा संशोधनः</u> विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ६ को,-

(१) खण्ड (ख) मा रहेको "**पठाइने छ**" भन्ने शब्दहरुको सट्टा "**पठाउन सकिनेछ**" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (घ) मा रहेको "**राहत**" भन्ने शब्दहरुको सट्टा "**राहत/अन्य**" र "**गरिनेछ**" भन्ने शब्दहरुको सट्टा "**गर्न सकिनेछ**" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u> मूल कार्यविधिको दफा ८ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ ।

"(ख) तीन (३) वर्ष एकै विद्यालयमा कामकाज गरेका शिक्षकहरूलाई सरुवा गर्दा सम्बन्धित शिक्षकहरूलाई खण्ड "क" मा उल्लेखित प्रक्रिया अनुसार विद्यालय छनौट गर्न लगाइ प्राथमिकताक्रम अनुसार अर्को विद्यालयमा पठाउन सकिनेछ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ ।

"(ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यकता र औचित्यका आधारमा शिक्षकलाई जुनसुकै विद्यालयमा पठाउनु/सरुवा गर्न वा कायम राख्न सक्नेछ ।"

४. <u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u> मूल कार्यविधिको दफा ९ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ ।

"(च) समायोजन भएर जाने विद्यालयको सम्पत्ति, दायित्व र अभिलेख समायोजन भइ कायम हुने विद्यालयमा सर्नेछ ।"

(२) खण्ड (छ) मा रहेको **"दिइने छ"** भन्ने शब्दहरुको सट्टा **"दिन सकिनेछ"** भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u> मूल कार्यविधिको दफा १० को,-

(१) खण्ड (क) मा रहेको **"राहत"** भन्ने शब्दहरुको सट्टा **"राहत/अन्य"** र **"गरिनेछ"** भन्ने शब्दहरुको सट्टा **"गर्न सकिनेछ"** भन्ने शब्दहरु राखिएका छन् ।





६. <u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u> मूल कार्यविधिको दफा ११ को,-

(१) खण्ड (क) मा रहेको **"५ वर्ष"** भन्ने शब्दहरुको सट्टा **"तीन (३) वर्ष"** भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

"(ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागू हुँदाका बखत एउटै विद्यालयमा तीन (३) वर्ष पुगिसकेकेकालाई कार्यविधि अनुसार सरुवा गर्न बाधा पर्ने छैन ।"

(३) खण्ड (ङ) मा रहेको **"पाँच वर्ष"** भन्ने शब्दहरुको सट्टा **"तीन (३) वर्ष"** भन्ने शब्दहरु राखिएका छन् ।

७. <u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u> मूल कार्यविधिको दफा १३ मा रहेको **"हाल विद्यालयमा रहेका शिक्षक दरबन्दीहरू यथावत रहनेछन्"** भन्ने शब्दहरुको सट्टा **"नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ"** भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले**
**खेमराज जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**